# पाठ छ:

# मुल्यांकन र मनन

Published by Elektra Media Ltd
Istambha Nepal

# पाठ ६: मुल्यांकन र मनन

पाठ ६ चाहिँ पुस्तकालय क्रियाकलापहरूको सफलतालाई मुल्यांकन गर्न, र अध्ययन समूहहरूले गरेका प्रगतिको अभिलेख राख्नको निम्ति हो। पुस्तकालयलाई प्रयोग गर्नको निम्ति विश्वस्तता, अध्ययन र पुस्तकालयका सामग्रीहरूबारे भावनाहरू, र विकास भएका नयाँ सीपहरू र ज्ञानमा यो केन्द्रित हुन्छ। यस समीक्षामा ऐच्छिक कर्मचारीको मुल्यांकन, रिडिंग च्याम्पियनको मुल्यांकन, र अध्ययन समूहको आत्म-चिन्तन समावेश हुन्छ। यस पाठमा शिक्षक वा रिडिंग च्याम्पियनको निम्ति प्रगति ट्र्याकर स्प्रेडसिट, रिडिंग च्याम्पियनहरूले भर्नुपर्ने कार्यपुस्तिका, र रिडिंग च्याम्पियनहरूले आफ्ना अध्ययन समूहहरूसँग चिन्तनशील सत्रलाई नेतृत्व गर्नको निम्ति कार्यपुस्तिका समावेश छन्। यस प्रस्तुतिले तपाईंलाई आवश्यक सामग्रीको सुची र केही अतिरिक्त जानकारीसहित पाठको हरेक भागको सारांश प्रदान गर्नेछ। यस पाठका अध्ययन समूह कार्यपुस्तिकाका क्रियाकलापहरूलाई चिन्हहरूमा देखाइएको छ:


बोल्ने क्रियाकलाप


लेख्ने क्रियाकलाप


चित्र बनाउने क्रियाकलाप


दुई जनाको समूहमा कार्य गर्ने


समूहमा कार्य गर्ने

यस्तो संकेत भएको कार्यपुस्तिकामा तपाईंले अतिरिक्त सल्लाहहरू पाउन सक्नुहुनेछ। 

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# यस पाठलाई कसरी प्रयोग गर्ने

यस पाठमा, समूहमा चिन्तन गर्नका लागि क्रियाकलापहरू, रिडिंग च्याम्पियनको निम्ति मुल्यांकन कार्यपुस्तिका, र एउटा प्रगति ट्र्याकर सहित एक-तर्फीय कार्यपुस्तिका समावेश भएको छ। जहाँ सम्भव हुन्छ, समूहमा बाँड्नको निम्ति कार्यपुस्तिकाको केही प्रति प्रिन्ट गर्नुहोस्। हरेक अध्ययन समूहको रिडिंग च्याम्पियनले सिधै कार्यपुस्तिकामा लेख्न सक्दछ। सम्भव भए, प्रगति ट्र्याकरलाई कम्प्युटरमा डाउनलोड गर्न सकिन्छ र रिडिंग च्याम्पियन वा कर्मचारीबाट कोही एकजनाले त्यो भर्न सक्दछ।

तथापि, त्यसो गर्न सम्भव छैन भने पनि चिन्ता नगर्नुहोस्। तपाईंले:

- कम्प्युटर छ भने कार्यपुस्तिकालाई स्क्रिनमा प्रदर्शित गर्न सक्नुहुन्छ।
- मोबाइल फोनमा कार्यपुस्तिकालाई प्रदर्शित गरी विद्यार्थीहरूलाई देखाउन सक्नुहुन्छ।
- एउटा ठुलो कालोपाटी वा सेतोपाटीमा क्रियाकलापहरूलाई लेख्न सक्नुहुन्छ।
- रिडिंग च्याम्पियन मुल्यांकन कार्यपुस्तिकालाई एउटा कागज, सेतोपाटी/कालोपाटीमा सार्न सकिन्छ र रिडिंग च्याम्पियनले त्यो भर्न सक्दछ।
- प्रगति ट्र्याकरलाई प्रिन्ट गर्न सकिन्छ र हरेक प्रश्नको 'हो' वा 'होइन' भनेर उत्तर दिन सकिन्छ।
- यदि यस्तो गर्न सम्भव छैन भने, तपाईंले प्रश्नहरूलाई सार्न सक्नुहुन्छ र त्यसको तल उत्तरहरू लेख्न सक्नुहुन्छ।
- तपाईंले प्रिन्टहरू निकाल्न वा पुस्तकालयको स्क्रिनमा क्रियाकलापहरू प्रदर्शित गर्न आवश्यक छैन।
  विचारहरूका निम्ति यी सामग्रीहरूलाई प्रयोग गर्नुहोस्, यी याद गर्नुहोस्, अरूहरूलाई यिनीहरूको विषयमा बताउनुहोस्, र यी विचारहरूलाई प्रयोग गर्नुहोस्।

यदि यी सामग्रीहरूको अभाव छ भने, कुनै पनि लेख्ने वा चित्र कोर्ने क्रियाकलापहरूलाई समूहमा छलफल क्रियाकलापहरूको रूपमा गर्न सकिन्छ। विद्यार्थीहरूले लेख्नुको सट्टा आफ्ना कथाहरूलाई बताउन सक्छन् वा तिनीहरूले बनाउन लागेका चित्रलाई वर्णन गर्न सक्छन्। क्रियाकलापहरू लचिला छन् र तपाईंको पुस्तकालयमा सामग्रीहरूको उपलब्धता अनुसार अनुकुल बनाउन सकिन्छ।

तपाईंले यी सामाग्रीहरू जुनसुकै बेला डाउनलोड गर्न सक्नुहुन्छ र तिनीहरूलाई कम्प्युटर, स्थानीय संजाल (नेटवर्क) वा तपाईंको फोनमा राख्न सक्नुहुन्छ। यसको निम्ति तपाईंले www.library-nepal.com मा जानुपर्छ।

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# १) प्रगति ट्र्याकर

प्रगति ट्र्याकर एउटा एक्सल स्प्रेडसिट (Excel Spreadsheet) हो । रिडिंग च्याम्पियन वा कर्मचारीबाट कोही एक सदस्यले भर्नको निम्ति यो तयार गरिएको हो, र हरेक पाठका उद्देश्यहरूसँग सम्बन्धित केही प्रश्नहरू यसमा समावेश छन् । तपाईंले 'हो वा छ' वा 'होइन वा छैन' भनेर छान्नको निम्ति हरेक प्रश्नको साथमा एउटा ड्रपडाउन सुची राखिएको छ । यसले तपाईंलाई प्रगति र सिकेका सीपहरूको अभिलेख राख्न मद्दत गर्दछ । प्रगति ट्र्याकरलाई सार्न, प्रिन्ट गर्न, वा कागज वा कालोपाटीमा सार्न सकिन्छ । तपाईंको विद्यालयको हरेक रिडिंग समूहको निम्ति एउटा ट्र्याकर होस् भनेर हामी सिफारिस गर्दछौं । प्रगति ट्र्याकरको प्रश्नमा यदि तपाईंले 'होइन वा छैन' भनेर उत्तर दिनुभयो भने वा सत्र त्यति राम्रो भएन भने, तपाईंले अर्को रिडिंग च्याम्पियनलाई सहयोग वा विचारहरूको निम्ति आग्रह गर्न सक्नुहुन्छ । सबै समूहको निम्ति सबै अनुभागहरू लागु हुँदैनन्, त्यसैले जे सान्दर्भिक छ त्यही छान्नुहोस् ।

- पाठ २-५ सम्बन्धी प्रश्नहरू:
- यी पाठहरूका निम्ति प्रश्नहरू हरेक पाठका क्रियाकलापहरूसँग सम्बन्धित छन् ।
- यी प्रश्नहरू अध्ययन समूहका सदस्यहरूले सिकेका सीपहरूमा केन्द्रित छन् ।
- उदाहरणका लागि: 'के अध्ययन समूहका धेरैजसो सदस्यहरूले मानचित्र पुस्तिकामा नेपाल फेला पार्न सक्छन् ?'

पाठ १ र ६ सम्बन्धी प्रश्नहरू:

पाठ १ र ६ का निम्ति प्रगति ट्र्याकरमा भएका मुल्यांकन प्रश्नहरू अलि भिन्न छन् ।
पाठ १ को निम्ति प्रश्नहरू अध्ययन समूहहरूको स्थापनासँग सम्बन्धित छन् । उदाहरणको लागि: 'के रिडिंग च्याम्पियनलाई पुस्तकालयका नियमहरूबारे थाहा छ ?'

पाठ ६ का प्रश्नहरूले अध्ययन समूह र साधारण रूपमा पुस्तकालयको प्रयोगको समग्र सफलतालाई मुल्यांकन गर्न तपाईंलाई सहायता गर्दछ । उदाहरणका लागि: 'के अध्ययन समूहका धेरैजसो सदस्यहरू आफ्ना विचार र रायहरूबारे छलफल गर्न अझ बढी आत्मविश्वासी भएका छन्?'

**पाठ ६: प्रगति ट्र्याकर**

हरेक हरू हरेक अध्ययन समुहका निम्ति लागु हुँदैनन् । तपाईंको समुहले अध्ययन गरेका पाठहरूसँग सम्बन्धीत खण्डहरूलाई छान्नुहोस् ।

यदि तपाईं प्रगति ट्र्याकरलाई प्रिन्ट गर्न चाहनुहुन्छ भने, प्रिन्टरलाई 'ल्याण्डस्केप' ढाँचामा मिलाउनुहोस् ।

अध्ययन समुह: ..............................................................

| पाठ १ | प्रगतिको हिसाब राख्नका निम्ति प्रश्नहरू | उत्तरहरू (हो/छ वा होइन/छैन) | यदि तपाईंको समुहसँग सम्बन्धीत कुनै प्रश्नहरूमा तपाईंले होइन भनेर उत्तर दिनुभयो भने, तपाईंले फर्केर पुन: ती क्रियाकलापहरू गर्न सक्नुहुन्छ । तपाईंले फेला पार्नुपर्ने र पुन: गर्नुपर्ने कुरा यहाँ उल्लेख गरिएको छ । |
|---|---|---|---|
| पाठ १ परिचय | के अध्ययन समुहमा एकजना रिडिंग च्याम्पियन (पठन शिर्षकधारक) नियुक्त गरिएको छ ? | | पाठ १ प्रस्तुती - स्लाइड ८ रिडिंग च्याम्पियनहरू |
| | के तालिका १ भरिएको छ ? | | पाठ १ प्रस्तुती - स्लाइड ७ *तपाईंका अध्ययन समुहहरू स्थापना गर्नु* तालिका १: *अध्ययन समुहहरू* |
| | के तालिका २ भरिएको छ ? | | पाठ १ प्रस्तुती - स्लाइड ७ तपाईंका अध्ययन समुहहरू स्थापना गर्नु तालिका २: *योजना उपकरणहरू* |
| | के तालिका ३ भरिएको छ ? | | पाठ १ प्रस्तुती - स्लाइड ७ तपाईंका अध्ययन समुहहरू स्थापना गर्नु तालिका ३: *सारांश* |
| | के रिडिंग च्याम्पियनलाई पुस्तकालयका नियमहरूबारे थाहा छ ? | | पाठ १ प्रस्तुती - स्लाइड ९ *रिडिंग च्याम्पियनका जिम्मेवारीहरू* *रिडिंग च्याम्पियन उपकरणहरू* |

Published by Elektra Media Ltd

Istambha Nepal

# २) रिडिंग च्याम्पियन मुल्यांकन

रिडिंग च्याम्पियनहरूले अध्ययन समूहको नेतृत्व र पुस्तकालयको प्रयोगको आफ्नो अनुभवलाई मुल्यांकन गर्नको निम्ति यो पत्र तयार गरिएको हो । रिडिंग च्याम्पियनले पूर्ण रूपमा भरिएको यो पत्रलाई पुस्तकालयको निम्ति जिम्मेवार कोही एक कर्मचारी सदस्यलाई दिनुपर्छ । भावी अध्ययन समूहका सत्रहरूको योजना बनाउनको निम्ति यसलाई सहायताको रूपमा प्रयोग गर्न सकिन्छ । यदि तपाईं चाहनुहुन्छ भने, तपाईंले info@library-nepal.com मा रिडिंग च्याम्पियन प्रतिक्रिया दिन सक्नुहुन्छ ।

---

**सामग्री:**

- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)
- कार्यपुस्तिकाको एक प्रति (ऐच्छिक)

---

**प्रश्न १-५**

प्रश्न १-५ बहुविकल्पीय प्रश्नहरू हुन् । मनपर्ने पाठ, क्रियाकलापको प्रकार वा पुस्तकप्रति प्रतिक्रिया दिनको निम्ति हरेक प्रश्नपछि एउटा बक्सामा ठिक चिन्ह लगाउनुहोस् । प्रश्न ४ ले रिडिंग च्याम्पियनलाई कस्तो किसिमको क्रियाकलाप उसले अझ धेरै चाहन्छ भनेर प्रश्न गरेर भावी अध्ययन समूहका सत्रहरूलाई प्रभावित गर्दछ । यसद्वारा सबैभन्दा प्रभावकारी क्रियाकलापका प्रकारहरूअनुसार पुस्तकालय सत्रहरूको विकास गर्न सम्भव हुन्छ ।

**प्रश्न ६-७**

प्रश्न ६ र ७ ले रिडिंग च्याम्पियनलाई अध्ययन समूहको नेतृत्वको आफ्नो अनुभवको मुल्यांकन गर्न र पुस्तकालयको जिम्मेवार व्यक्तिलाई यो कुरालाई बताउन सहायता गर्दछ ।



रिडिंग च्याम्पियन मुल्यांकन
पाठ ६ मुल्यांकन र मनन

पुस्तकालय नेपाल परियोजना (Library Nepal project) बारे केही प्रतिक्रिया दिनको निम्ति यो पत्र तपाईंको निम्ति तयार गरिएको हो । यसलाई रिडिंग च्याम्पियन (पठन शिर्षकधारक) द्वारा भरिनुपर्छ । हरेक प्रश्नपछि यी बक्साहरू मध्ये एउटामा 'ठिक' चिन्ह लगाउनुहोस् । यो पत्रलाई पुरा गर्नुभएपछि आफ्नो शिक्षकलाई हस्तान्तरण गर्नुहोस् ।

१. तपाईंको मनपर्ने पाठ कुन थियो ?
☐ पाठ १ ☐ पाठ २ ☐ पाठ ३ ☐ पाठ ४ ☐ पाठ ५

२. तपाईंको मनपर्ने क्रियाकालप कुन थियो ?
☐ पढ्ने याकलापहरू ☐ लेख्ने याकलापहरू ☐ चित्र बनाउने याकलापहरू
☐ छलफल क्रियाकलापहरू ☐ कम्प्युटर क्रियाकलापहरू

३. तपाईंको मनपर्ने पुस्तक कुन थियो ?
☐ दन्तेकथा ☐ कविता ☐ शब्दकोशहरू
☐ मानचित्र पुस्तिकाहरू ☐ विश्वकोशहरू

४. भविष्यको निम्ति कस्ता किसिममा क्रियाकलापहरू तपाईं अझ बढी रुचाउनुहुन्छ ?
☐ पढ्ने क्रियाकलापहरू ☐ लेख्ने क्रियाकलापहरू ☐ चित्र बनाउने क्रियाकलापहरू
☐ छलफल क्रियाकलापहरू ☐ कम्प्युटर क्रियाकलापहरू

५. तपाईं रिडिंग च्याम्पियन (पठन शिर्षकधारक) हुनुभएको कुरा आफ्ना साथीहरू वा परिवारलाई बताउनुभयो ?
☐ बताएँ ☐ बताइनँ

६. यदि तपाईंको उत्तर 'बताएँ' थियो भने, वहाँहरूले कसरी प्रतिक्रिया दिनुभयो ? तलको खाली ठाउँमा एउटा वाक्य लेख्नुहोस् ।


७. रिडिंग च्याम्पियन (पठन शिर्षकधारक) बन्नुहुँदा तपाईंलाई सबैभन्दा बढी के मनपर्यो ? यस पत्रको पछाडि केही वाक्यहरू लेख्नुहोस् ।

Published by Elektra Media Ltd
Istambha Nepal

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# ३) अध्ययन समूह मनन

अध्ययन समूह मनन क्रियाकलापहरूको यो कार्यपुस्तिका पाठ २-५ का अरू कार्यपुस्तिकाहरूझैं रिडिंग च्याम्पियनको निम्ति अध्ययन समूहसँग कुनै सत्रको नेतृत्व गर्न तयार गरिएको हो । यसले अध्ययन समूहका सदस्यहरूलाई अध्ययन समूह र पुस्तकालयको प्रयोगको आफ्नो अनुभव, र तिनीहरूले सिकेका कुराप्रति चिन्तन गर्ने अवसर प्रदान गर्छ ।


समूहमा चिन्तन गर्नका निम्ति क्रियाकलापहरू
पाठ ६ मुल्यांकन र चिन्तन

यस सत्रमा, तपाईंले सिक्नुभएको कुरा र पुस्तकालयबारे तपाई कस्तो महसुस गर्नुहुन्छ भन्ने विषयमा तपाईंले चिन्तन गर्नुहुनेछ ।

१. तपाईंको रिडिंग च्याम्पियन (पठन शिर्षकधारक) ले तपाईंलाई तल उल्लिखित प्रश्नहरू सोध्नेछन् । यदि तपाईंको उत्तर 'हो' हो भने हरेक प्रश्नपछि आफ्नो हात उठाउनुहोस् !
के अहिले तपाई यस अध्ययन समूहमा भाग लिन प्रारम्भ गर्नुअगिभन्दा बढी पढाइको निम्ति उत्सुक हुनुहुन्छ?
के तपाई पुस्तकालयमा गएर कुनै पुस्तक छान्न आत्मविश्वासी गर्नुहुन्छ ?
के तपाईंलाई कथा र अन्य पुस्तकबिचको भिन्नताबारे थाहा छ ?
के तपाईंको कुनै मनपर्ने पुस्तक छ ?

यदि तपाईंको समूह धेरै नै सानो छ भने, तपाईंले सबैजनालाई यस प्रश्नको लागि आफ्नो हात उठाएर आफ्नो मनपर्ने पुस्तक कुन हो र त्यस पुस्तकमा के मनपर्‍यो भनेर समूहलाई बताउनको निम्ति आग्रह गर्न सक्नुहुन्छ ।

२. अध्ययन समूह सत्रहरूमा तपाईंहरूले धेरै र विभिन्न क्रियाकलापहरू पुरा गरिसक्नुभएको छ । कुन क्रियाकलाप तपाईंलाई सबैभन्दा धेरै मनपर्‍यो? आफ्नो विचारहरूलाई समूहमा पालैपालो बताउनुहोस् ।

३. तपाई पढाइको विषयमा कस्तो महसुस गर्नुहुन्छ भन्नेबारे एउटा वाक्य लेख्नुहोस्, वा आफ्नो साथीलाई बताउनुहोस् ।

४. के तपाईंले आफू जोसँग बस्नुहुन्छ वहाँहरूलाई पुस्तकालय परियोजना र अध्ययन समूहको विषयमा बताउनुभयो ? वहाँहरूले यस विषयमा के विचार गर्नुहुन्छ ? समूहमा पालैपालो बताउनुहोस् ।

५. पुस्तकालयको वरिपरि हेर्नुहोस् । सबैलाई आफूलाई पढ्न मनलागेको कुनै एउटा पुस्तक छान्न आग्रह गर्नुहोस् । एउटा कागज सबैकहाँ लैजानुहोस् र तिनीहरूले छानेका पुस्तकहरूको शिर्षकहरू त्यस कागजमा पालैपालो लेख्न आग्रह गर्नुहोस् । अब तपाईंसँग भविष्यका सत्रहरूमा सँगै पढ्न र छलफल गर्नको निम्ति पुस्तकहरूको सुची तयार भएको छ ।

६. तपाईंहरू पुस्तकालयमा हुनुभएको दृश्यको चित्र बनाउनुहोस् । धेरै र विभिन्न रङ्गहरूको प्रयोग गर्नुहोस् !

तपाईंले आफ्ना मनपर्ने चित्रहरूलाई छानेर आफ्नो पुस्तकालयको भित्तामा राख्न सक्नुहुन्छ ! तपाईंले आफ्नो चित्रलाई कालोपाटी वा सेतोपाटीमा पनि बनाउन सक्नुहुन्छ ।

Published by Elektra Media Ltd
Istambha Nepal

## सामग्री:

- पुस्तकालयबाट छानिएका पुस्तकहरू
- हरेक समूहको निम्ति कम्तिमा एउटा कार्यपुस्तिका
- लेख्नको निम्ति केही कागज (ऐच्छिक)
- लेख्नको निम्ति केही साधन (ऐच्छिक)
- विभिन्न रङ्गहरूका कलमहरू (ऐच्छिक)

## क्रियाकलापका निम्ति उपायहरू:

२. तपाईंले गर्नुभएका विभिन्न प्रकारका क्रियाकलापहरूबारे तपाईंले सबैलाई सम्झना दिलाउन आवश्यक हुनसक्छ, जस्तै, नक्साहरूको प्रयोग, कविताको तालअनुसार ताली बजाउने, र आफ्ना मनपर्ने कथाहरूका विषयमा बातचित गर्ने ।

३. यदि आफ्ना कुराहरूलाई लेख्न कोही आत्मविश्वासी छैन भने, तपाईंले उसलाई आफ्नो साथीलाई ती कुराहरू भन्न आग्रह गर्न सक्नुहुन्छ ।

५. यदि साना विद्यार्थीहरूलाई पुस्तकालयको आफ्नो अनुभवबारे बातचित गर्न कुनै कठिनाइ छ भने, पुस्तकालयमा तिनीहरू भएको चित्रमा आफ्ना भावनाहरूलाई देखाउन आग्रह गर्नुहोस् । के यो खुशी चित्र हो वा दु:खी चित्र हो ?

Published by Elektra Media Ltd
Istambha Nepal

हाम्रा सल्लाहहरू र सामाग्रीहरूको प्रयोग गरेर तपाईंको विद्यालयमा अध्ययन कार्यक्रम सुरुवात गर्ने काममा हर सफलताको कामना गर्दछौँ ।

हाम्रा सबै कार्यपुस्तिकाहरू दिइएको वेभ ठेगानाबाट डाउनलोड गर्न सक्नुहुन्छः
www.library-nepal.com

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने दिइएको इमेल ठेगानामा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छः
info@library-nepal.com

Published by
Elektra Media Ltd

Istambha Nepal